# सम्पत्ति बीमा निर्देशिका (सम्पत्ति बीमा तथा घरबीमा) सम्बन्धी प्रेस विज्ञप्ति (मिति २०७५/०९/०८)

निर्जीवन बीमा (सम्पत्ति र दायित्वको बीमा) ब्यवसाय अन्तर्गत अग्नी बीमालेख र गार्हस्थ बीमालेखलाई एकै निर्देशिका (सम्पत्ति बीमा निर्देशिका) को अधीनमा रहने गरी क्रमशः सम्पत्ति बीमालेख र घर बीमालेखले प्रतिस्थापन गरिएको छ ।

**निर्देशिका परिमार्जन गर्नुका कारणः**

- जमिनमा आधारित सम्पत्ति (अचल सम्पत्ति वा अचल सम्पत्तिमा मा राखिने सम्पत्ति) को लागि जारी गरिने अग्नी बीमाको लागि हालसम्म प्रचलनमा रहेको अग्नी बीमा सम्बन्धी सामान्य नियमहरू, २०५८ असान्दर्भिक भैसेकेको र वर्तमान बीमा बजारमा भएका थुप्रै बीमित र बीमक मैत्री नयाँ सिद्धान्त, अभ्यास र प्रचलनहरू अद्यावधिक हुन नसकेको ।
- जमिनमा आधारित सम्पत्तिको लागि जारी गरिने बीमालेखले बीमितको इच्छा अनुसार पानीजन्य, हावाजन्य, जमिनजन्य, चट्याङ्जन्य लगायतका विभिन्न जोखिमहरूको रक्षावरण गर्ने गरेको भए तापनि बीमालेखको नामचाँही "अग्नी बीमालेख" राखिएको हुनाले ग्राहकको बीमालेख प्रतिको वुझाइमा फरक पर्न गएको ।
- विद्यमान अग्नी बीमालेख लिन चाहने बीमितले अग्नी र भुकम्प अनिवार्य रूपमा लिनै पर्ने र अन्य जोखिम स्वैच्छिक रूपमा लिन वा नलिन सक्ने ब्यवस्था रहेको र एउटै प्याकेजमा आधारभूत सवै जोखिमहरूको रक्षावरण नहुँदा बीमकलाई ब्यवहारिक रूपमा कठिनाई पर्नुका साथै अलग अलग जोखिमको लागत जोड्दै लैजाँदा बीमाशुल्क महङ्गो पर्न गएको ।
- विद्यमान अग्नी बीमादर सम्बन्धी सामान्य नियममा नेपालका बीमायोग्य सम्पत्तिहरूको ब्यवहारिक रूपमा वर्गीकरण नगरिएको । वर्गीकरणमा परेका कयौं उद्योगहरू नवीन प्रविधका कारण लोप भैसकेको र हाल प्रचलनमा रहेका नयाँ प्रकारका उद्योगहरू छुट भएको ।
- विद्यमान अग्नी बीमादर सम्बन्धी सामान्य नियममा बीमायोग्य सम्पत्तिलाई ५२ प्रकारमा वर्गीकरण गरिएको र ५२ वटा नै बीमादर लगाइएको । प्रत्येक दरको लागि जोखिमको मात्राको विश्लेषण नगरिएको
- विद्यमान अग्नी बीमादर सम्बन्धी सामान्य नियममा बीमालेको प्रकार नखुलाईएको ।
- विद्यमान अग्नी बीमादर सम्बन्धी सामान्य नियमको भाषाशैली, प्रस्तुति र ढाँचा जटिल र क्लिष्ट भएको ।

**निर्देशिकाका विशेषताहरू:**

- बीमकहरूले आफ्नो हालको सफ्टवेयरमा हाल जारी सम्पत्ति निर्देशिका अनुरूप मिलान गर्न तथा बीमालेख छाप्नका लागि एक महिनाको समय प्रदान गरिएको छ। तसर्थ जारी निर्देशिका २०७५ साल माघ १ गतेदेखि लागू हुने।
- निर्देशिका अन्तर्गत ब्यवसायिक प्रयोजनको लागि सम्पत्ति बीमालेख र आवासीय घरको प्रयोजनको लागि घर बीमालेख लिन सकिने गरी मूल रूपमा दुईवटा बीमालेख हुने।
- सम्पत्ति बीमालेख तथा घर बीमालेख अन्तर्गत सबै प्रकारको बीमायोग्य जोखिमको बीमा एउटै बीमालेखमा रक्षावरण हुने।
- ब्यवसायिक प्रयोजनको लागि बीमालेखको प्रकार देहाय बमोजिम हुनेः
  - (क) सम्पत्ति बीमालेख
  - (ख) घर बीमालेख
- सम्पत्ति तथा घर बीमालेख अन्तर्गत रक्षावरण गरिएका जोखिमहरूः
  - (क) अग्नीजन्य क्षति
  - (ख) हावाजन्य क्षति
  - (ग) पानीजन्य क्षति
  - (घ) भूमीजन्य क्षति
  - (ङ) खस्ने वा भासिने सम्बन्धी क्षति
  - (च) चट्याङ्जन्य क्षति
  - (छ) विस्फोटनजन्य क्षति
  - (ज) आकासीय सामग्रीजन्य क्षति
  - (झ) धक्का दिएर, छोएर, लडेर वा लागेर हुने क्षति
  - (ञ) स्वजलन
  - (ट) हुलदंगा तथा आतंकबादजन्य क्षति
  - (ठ) मिसाइल टेस्टिङ् अपरेशनका कारणले भएको क्षति।
- सम्पत्ति बीमालेख अन्तर्गत देहाय बमोजिम बीमालेख देहाय बमोजिमका रहेका छन्
  - (क) सामान्य सम्पत्ति बीमालेख,
  - (ख) छोटो अवधिको सम्पत्ति बीमालेख,
  - (ग) मूल्यांकित सम्पत्ति बीमालेख,

(घ) फ्लोटिङ सम्पत्ति बीमालेख,

(ङ) घोषणा सम्पत्ति बीमालेख,

(च) फ्लोटिङ घोषणा सम्पत्ति बीमालेख, र

(छ) पुनर्स्थापना सम्पत्ति बीमालेख ।

- घर बीमा अन्तर्गत रू. १ करोड भन्दा कम मूल्यको घरको बीमा प्रति हजार ४० पैसा (हुलदंगा तथा आतङ्कबाद जोखिम बाहेक) मा बीमा गर्न सकिने । (उदाहरणको लागिः रू १ करोडको घरको ४,००० रूपैंया प्रतिवर्ष) सो भन्दा बढीको घरको लागि सम्पत्ति रू. १ रूपैया प्रति हजार ।
- हाल प्रचलनमा रहेका अनिवार्य जोखिम (अग्नी र भुकम्प) सहित सवै बीमायोग्य जोखिम लिँदा समेत कूल बीमाशुल्कमा औषत ६५% प्रतिशतका दरले बीमादर घटी हुने, जसले गर्दा बीमाको दायरामा ब्यापक बृद्धि हुने । जस्तैः चालू अग्नी बीमा अन्तर्गत आवासीय घरको बीमा गर्दा अनिवार्य जोखिम (अग्नी र भुकम्पको) प्रतिहजार रू. १.३९५ र अन्य इच्छा अनुसार थप गर्न सकिने अधिकतम जोखिमको प्रतिहजार रू. १.४१० लाग्दछ भने घर बीमा अन्तर्गत गरिने बीमाको सम्पूर्ण बीमायोग्य जोखिम (हुलदङ्गा तथा आतङ्कबाद जोखिम बीमितले नलिन पनि सक्ने सुविधा भएकोले सो बाहेक) को एकमुष्ट रकम बीमाशुल्क रू. ०.४० प्रतिहजार मात्र लाग्दछ ।
- सबै प्रकारका बीमायोग्य जोखिमहरू एउटै प्याकेजमा अनिवार्य गरिएको । हुलदंगा तथा आतङ्कबाद जोखिम समूह बाहेक अन्य कुनै पनि जोखिम हटाउन नपाइने ।
- नेपाल राज्यभरीका बीमायोग्य सम्पत्तिलाई ५४८ वटा क्षेत्रमा वर्गीकरण गरिएको । जसलाई जोखिमको आधारमा पुनः ७ समूहमा वर्गीकरण गरिएको र प्रत्येक वर्गको लागि अलग अलग गरी कूल ७ वटा बीमादर लागू हुने ।
- जोखिम समूहको क्रमागत आधारमा बीमादर बढ्दै जाने ।
- बीमितको हित प्रवर्द्धन गरिएको । बीमकले बीमा दावी नदिएमा, गलत बीमा दाबी दिएमा वा गलत ब्यक्तिलाई दिएमा वा बीमा दाबीमा चित्त नबुझेमा उजुरी गर्ने हदम्याद ६ (छ) महिना (मुलुकी देवानी संहिता ऐन, २०७४ अनुरूप) गरिएको ।
- विना कारण बीमकले एकातर्फी बीमालेख रद्द गर्न नसक्ने ।
- बीमालेखको प्रस्ताव फाराम विस्तृत र जोखिमको आधारमा वस्तुपरक बनाइएको ।
- सर्वसाधारणले वुझ्न भनी बीमालेख सरल भाषामा लेखिएको ।